# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, मंसिर २१ गते २०५७ साल (अतिरिक्ताङ्क ४५

## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सहकारी ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : सहकारी ऐन, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको उनन्तीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सहकारी (पहिलो संशोधन) ऐन, २०५७ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सहकारी ऐन, २०४८ को दफा २६ मा संशोधन : सहकारी ऐन, २०४८ को दफा २६ को सट्टा देहायको दफा २६ राखिएकोछ :-

"२६. बैंकिङ्ग कारोबार गर्न सक्ने : (१) संस्था वा संघले आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्वीकार गर्न र आफ्ना सदस्यहरुलाई कर्जा दिन सक्नेछ ।

(२) संस्था वा संघले उपदफा (१) मा उल्लिखित कारोबार बाहेक आफ्ना सदस्यहरुभित्र मात्र सिमित रहने गरी निक्षेप स्वीकार गर्ने र कर्जा दिने लगायतका अन्य बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस्ता संस्था वा संघले नेपाल राष्ट्र बैंकले तोकेको शर्त तथा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि दर्ता भै कारोबार गरेका संस्था वा संघले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (१) वा उपदफा (२) बमोजिम कारोबार सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघहरु मिली एक सहकारी बैंकको स्थापना गर्न सक्नेछन् ।

**(५) उपदफा (४) बमोजिम बैंकको स्थापनाको लागि नेपाल राष्ट्र बैंकको सिफारिश सहित दरखास्त पेश हुन आएमा रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी त्यस्तो बैंक दर्ता गर्न सक्नेछ ।**

**(६) उपदफा (५) बमोजिम दर्ता भै स्थापना भएको बैंकले नेपाल राष्ट्र बैंकले स्वीकृति प्रदान गरेका वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गतका बैंकिङ्ग कारोबार सञ्चालन गर्न सक्नेछ र सो बैंकले नेपाल राष्ट्र बैंकले तोकेको शर्त र समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।"**

लालमोहर सदर मितिः- २०५७।८।२१४

आज्ञाले,
**उदयनेपाली श्रेष्ठ**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग